जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २५१ • २०८३ असार १७ गते बुधवार • 1 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## धनुषामा पढ्दै-कमाउँदैः किशोरीहरुको अभियान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ असार**

कक्षा १२ मा अध्ययनरत वैष्णवी साह हिजोआज विद्यालयमा पढ्नुका आम्दानी हुने सीप सिक्न पनि थालेकी छन् । उनी पढाइ सँगसँगै सीप सिक्ने कार्यलाई पनि प्राथमिकता दिएकी छन् ।

उनी आफैमात्रै होइन अन्य विद्यार्थीलाई पनि पढ्दै कमाउँदै भन्ने गर्छिन् । करेसाबारी, मिथिला पेन्टिङ, पेपर झोला बनाउने सीप सिकेर कमाउन सकिने उनको तर्क छ । यसले समयको सदुपयोग मात्रै हुँदैन, उनले भनिन-अभिभावकको खर्च भार पनि घटाउँछ। आमा बुवाले आफूहरुको लागि गरेको लगानीमा केही प्रतिशत भएपनि सहयोग गर्नुपर्छ, उनी भन्छिन्। "सधैं किताब मात्र पढिरहँदा ध्यान केन्द्रित हुँदैन थियो, अहिले फरक सीप सिक्न पाउँदा सीप र पढाइ दुवै प्रभावकारी भइरहेको छ", उनले भनिन् । बाल क्लव जनकपुरधामका अध्यक्ष समेत रहेकी वैष्णवीले साथी किशोरीहरुलाई समेत पढाईसँगै कमाउने कार्यलाई पनि प्राथमिकता दिनका लागि




आह्वान गर्छिन्। जनकपुरधामसहित धनुषा जिल्लाको ८ पालिकामा सुरु भएको 'पढ्दै कमाउँदै' किशोरीहरुको अभियान अन्तर्गत वैष्णवी जस्तै रोशनी साह, प्रिति कुमारी मण्डल लगायतकाले पनि सीप सिकिरहेका छन् । गर्ल्स च्याम्पियन प्रितिकुमारी पासवानले पढाईसँगै करेसाबारीको कामलाई अगाडि बढाएकी छिन् ।

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोडेर सुरु गरिएको पढ्दै कमाउँदै कार्यक्रमप्रति धनुषाका आठ पालिकाका किशोरीहरु उत्साहित छिन्। जनकपुरधामसहित लक्ष्मीनियाँ गाउँपालिका, मिथिला नगरपालिका, मिथिला बिहारी नगरपालिका, धनुषाधाम नगरपालिका, क्षीरेश्वरनाथ नपा, शहीदनगर नगरपालिका र सबैला नगरपालिकामा संचालनमा रहेको बालविवाह निषेधीकरण तथा बालिका शिक्षा प्रवर्द्धन कार्यक्रम अन्तर्गत पढदै-कमाउँदैः किशोरीहरुको अभियान संचालन गरिएको छ । जनकपुरधाममा मंगलबार लाइफ नेपालले आयोजना गरेको कार्यशाला गोष्ठीमा सहभागी किशोरीहरुले पढाईसँगै अभिभावकको आर्थिक भार पनि कम गर्नुपर्ने धारणा राखेकी थिइन्। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको कार्याशाला गोष्ठीमा किशोरीहरुले चासो अनुसारको सीप सिकेर पढाईसँगै कमाई पनि गर्न सकिने तर्क उनीहरुको थियो। पढदै-कमाउँदै कार्यक्रम कार्यान्वयनमा आउँदा किशोरीहरुमा आत्मनिर्भर हुनुका साथै व्यवसायिक जीवन जीउन पनि मद्दत पुग्ने लाइफ नेपालका कार्यक्रम निर्देशक लक्ष्मी शाहले बताइन् । उनका अनुसार यो कार्यक्रममा संलग्न किशोरीहरुमा बालविवाहको जोखिम पनि घटेर जानेछ। भविष्यमा उच्च शिक्षा हासिल गर्न नसकेपनि सीप सिकेर काममा लागेका किशोरीहरु बालविवाहमा पर्ने सम्भाना कम हुने तर्क उनको छ । विद्यार्थीलाई सुरुमा यस कार्यक्रममा सहभागी गराउन मुस्किल भए पनि बिस्तारै चासो दिन थालेको कार्यक्रम संयोजक डाँली शर्माले बताइन् । "उनीहरुको अथाह मेहनतले आज राम्रो नतिजा प्राप्त भएको छ", उनले भनिन्-"बालबालिकालाई सानै उमेरदेखि मेहनत र सीपको महत्व देखाउँदै अर्थ उपार्जनका क्षेत्रमा जागरूक बनाउन यस्तो कार्यक्रम फलदायी हुने देखिएको छ।" लाइफ नेपालका कार्य समिति सदस्य मनिषा ठाकुरले स्वागत मन्तव्य राखेकी कार्याशाला गोष्ठीमा आठ वटै पालिकाका किशोरीहरु, लाइफ नेपालका पूजा शर्मा, सहिदा खातुन लगायतको उपस्थिति रहेको थियो ।




## 'खेली मधेश, जिती मधेश' नारासहित बर्दिबासमा प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता सुरु



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १६ असार**

'खेली मधेश, जिती मधेश' भन्ने नारासहित मधेश प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता महोत्तरीको बर्दिबासमा सुरु भएको छ ।

मिति २०८३/०३/१६ गतेदेखि सुरु भएको प्रतियोगितामा मधेश प्रदेशका ८ वटै जिल्लाबाट खेलाडी तथा अफिसियल गरी कुल १४४ जनाको सहभागिता रहेको छ । प्रतियोगितामा प्रत्येक जिल्लाबाट ८ महिला, ८ पुरुष खेलाडी र २ जना अफिसियल गरी १८ जनाको टोली सहभागी भएका छन् । प्रतियोगिता भोलि असार १७ गतेसम्म सञ्चालन हुनेछ । मधेश प्रदेशमा तेक्वान्दो खेलको विकास, नयाँ प्रतिभाको पहिचान तथा खेलाडीहरूलाई प्रतिस्पर्धात्मक अवसर प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो ।

विभिन्न जिल्लाबाट सहभागी भएका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै प्रदेशस्तरीय प्रतियोगितामा आफ्नो क्षमता प्रस्तुत गरिरहेका छन् । आयोजकले यस प्रतियोगिताले मधेशका खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुग्न थप प्रेरणा दिने विश्वास व्यक्त गरेको छ । यसलाई प्रिन्ट मिडियाको समाचार शैलीमा तयार गरिएको छ ।

## फरार सात प्रतिवादी पक्राउ




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ असार**


जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका सात जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरीले मंगलबार खोजतलास तथा फैसला कार्यान्वयन अभियान सञ्चालन गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको जनाएको छ । पक्राउ परेकामध्ये वन पैदावार सम्बन्धी चार मुद्दाका प्रतिवादीलाई जरिवाना सजाय, लेनदेन बिगो मुद्दाका एक प्रतिवादीलाई एक वर्ष कैद, चेक अनादर मुद्दाका एक प्रतिवादीलाई एक हजार रुपैयाँ जरिवाना तथा कुटपिट मुद्दाका एक प्रतिवादीलाई एक महिना १५ दिन कैदसहित दुई हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार अदालतबाट फैसला भई फरार रहेका प्रतिवादीलाई पक्राउ गर्ने अभियानलाई निरन्तरता दिइएको छ। पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालत धनुषामा उपस्थित गराइएको उनले जानकारी दिए ।

प्रहरीले अदालतका फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्न फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई अझ तीव्र बनाइने जनाएको छ ।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशकको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# गोपनीयताको ख्याल गरौ

पारिवारिक, बालबालिका, यौन हिंसा, घरेलु हिंसा तथा अन्य संवेदनशील प्रकृतिका मुद्दामा गोपनीयतालाई प्राथमिकता दिइएको देखिन्छ। सार्वजनिक महत्वका, संवैधानिक, नीतिगत वा सरकारसँग सम्बन्धित सीमित प्रकृतिका मुद्दामा मात्र आवश्यक मापदण्ड सहित प्रसारण गरिने अभ्यास देशहरूमा रहेको देखिन्छ। नेपालमा हाल अदालतले बहसको प्रत्यक्ष प्रसारण गर्नु उपयुक्त छ कि छैन भन्ने सार्वजनिक बहस छेडिएका छन, जुन स्वाभाविक पनि रहेका छन। अदालती बहस प्रत्यक्ष प्रसारण हुँदै गर्दा व्यक्तिका गोपनीयता सम्बन्धी संवैधानिक अधिकार कुण्ठित हुन सक्छन। सँगै बहसका क्रममा तथ्य-तर्कभन्दा बढी चर्का बहस अभ्यास हुन सक्ने र त्यसले निष्पक्ष सुनुवाइ प्रभावित हुन सक्छन।

कानुन व्यवसायीको पेसागत स्वतन्त्रता तथा अदालतको गरिमामाथि गम्भीर असर पर्ने अवस्था सिर्जना हुने स्थिति टड्कारो देखिएका छन। यसो भए संविधान र कानुनले प्रत्याभूत गरेका गोपनीयताको हकसम्बन्धी व्यवस्थाहरूकै धज्जी उड्ने पक्का रहेका छन। कसैका गोपनीयता भंग हुँदै गर्दा कुनै व्यक्तिप्रति समाजको घृणाको दुर्भावना बढ्नेमात्र होइन उसको हैसियत नै समाप्त हुन जाने देखिन्छ। अदालतमा मुद्दा जिते पनि वा हारे पनि समाजको नजरमा दुवै पक्षले हारिसकेको हुन्छ। प्रत्यक्ष प्रसारणमा व्यक्तिगत गोप्यता भंग हुने मनोवैज्ञानिक दबाब र डरले पक्षहरू अदालत प्रवेश गर्नै हिच्किचाउने अवस्थामा पुग्न सक्ने देखिन्छ।

# बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी बनाउँदै हंसपुर, सरोकारवालालाई प्रशिक्षण

दिपक श्रेष्ठ मण्डल
धनुषा, १६ असार

बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले हंसपुर नगरपालिकामा पोषण मैत्री स्थानीय शासन तथा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

हंसपुर नगरपालिका बहुक्षेत्रीय पोषण शाखाको आयोजनामा सञ्चालन गरिएको कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाको सहभागिता रहेको थियो।



कार्यक्रमको सञ्चालन हंसपुर नगरपालिका बहुक्षेत्रीय पोषण शाखा प्रमुख संगीता यादव ले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता हंसपुर नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष लालबाबु यादव ले गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथिका रूपमा कार्यवाहक नगर प्रमुख दुर्गी देवी मण्डल को उपस्थिति रहेको थियो। अभिमुखीकरण कार्यक्रममा जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक-शिक्षिका गरी जम्मा ४८ जना सहभागी भएका थिए। प्रत्येक विद्यालयबाट दुई जना प्र अ समेत गरी कुल दुई जना शिक्षक-शिक्षिका को सहभागिता रहेको थियो।

कार्यक्रममा पोषणको महत्व, पोषणमैत्री स्थानीय शासनको अवधारणा, बालबालिका तथा समुदायको स्वास्थ्य सुधारका उपाय, पोषणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा जानकारी तथा छलफल गरिएको थियो।

नगरपालिकाले पोषणको अवस्था सुधार गर्दै स्वस्थ र समृद्ध समुदाय निर्माणका लागि बहुक्षेत्रीय समन्वयमार्फत विभिन्न कार्यक्रमलाई अगाडि बढाउने प्रतिबद्धता जनाएको छ।

# बर्दिवास नगरपालिकाद्वारा 'सेतो लालपुर्जा' (सेतो निस्सा) वितरण गर्ने तयारी



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १६ असार

भूमि समस्या समाधान आयोगले लगत संकलनका आधारमा प्राथमिकता निर्धारण गरी अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण प्रक्रिया अघि बढाइरहेका बेला महोत्तरीको बर्दिवास नगरपालिकाले भने 'सेतो लालपुर्जा' (सेतो निस्सा) वितरण गर्ने तयारी थालेको छ।

हालको कानुनी व्यवस्था र कार्यविधिअनुसार पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्व अहिलेको सरकारले तत्काल प्रदान गर्न नसक्ने निष्कर्ष निकाल्दै नगरपालिकाले कम्तीमा भोगाधिकारको प्रमाणका रूपमा सेतो निस्सा वितरण गर्ने योजना अघि सारेको हो। बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले संघीय सरकारबाट सुकुम्बासीहरुलाई उठिबास लगाउने गरि गरिएको पछिल्लो क्रियाकलापले सिर्जना गरेको त्रासबाट अव्यवस्थित बसोबासीलाई राहत दिन सेतो निस्सा वितरण गर्न लागिएको बताए। 'विवादित क्षेत्रबाहेक अव्यवस्थित बसोबासी र भूमिहीन सुकुम्बासीहरूको लगत प्रविष्ट भइसकेको छ,' नगरप्रमुख क्षेत्रीले भने, 'नापनक्सालगायत आवश्यक तयारी पूरा भएकाले त्यही आधारमा सेतो निस्सा वितरण गरी नागरिकलाई त्रासमुक्त बनाउने हाम्रो योजना हो।' नगरपालिकाले यसअघि नै भूमि समस्या समाधान आयोगसँग समन्वय गरी नगरभरका भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन गरिसकेको छ। अब सोही विवरणका आधारमा सेतो निस्सा वितरण गर्ने तयारी गरिएको नगरपालिकाले जनाएको छ। यसैबीच, महोत्तरी जिल्लाको भूमि समस्याबारे सोमबार सर्वदलीय बैठक समेत बसेको थियो। बैठकले हालसम्म संकलित लगतलाई आधार मानी तथ्यांक अद्यावधिक गर्ने तथा जहाँ लगत प्रविष्टको काम बाँकी छ, त्यहाँ त्यसलाई निरन्तरता दिने निष्कर्ष निकालेको बैठकमा सहभागीहरूले बताएका छन्।





अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मित्रतामा फाटो आउने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: लामो यात्राको योग छ
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# वन संरक्षणसँगै वन्यजन्तुको संरक्षणलाई पनि समान प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाहरूको जोड



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ असार**

वन संरक्षणसँगै वन्यजन्तुको संरक्षणलाई पनि समान प्राथमिकतामा राख्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । वन विनाश, चुरे क्षेत्रको बढ्दो दोहन, वन्यजन्तुको बासस्थानमा परेको असर तथा सीमित बजेटका कारण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा अघि बढाउन चुनौती रहेको निष्कर्ष निकाल्दै डिभिजन वन कार्यालय धनुषाले वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी आयोजना गरेको छ ।

डिभिजन वन कार्यालय धनुषाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत आयोजित कार्यक्रममा मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरी प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रम चुरे नदी प्रणाली संरक्षण सरोकार पत्रकार समाजको सहजीकरण तथा नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा आयोजना गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले वन संरक्षणको चर्चा मात्र पर्याप्त नभई वन्यजन्तुको संरक्षणलाई पनि उत्तिकै महत्व दिनुपर्ने बताए ।

वन र वन्यजन्तु एकअर्काका परिपूरक भएकाले वन बचाएर मात्र दिगो वातावरण संरक्षण सम्भव नहुने उनको भनाइ थियो। उनले प्रदेश सरकारले वन तथा वातावरण संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै स्रोत साधनको सीमितताका बीच पनि संरक्षण अभियानलाई निरन्तरता दिइएको बताए । हरियो वनको संरक्षण तथा चुरे क्षेत्र जोगाउने अभियानमा बजेट अभाव ठूलो चुनौतीका रूपमा रहेको उल्लेख गर्दै उनले उपलब्ध स्रोतको अधिकतम उपयोग गरेर काम भइरहेको बताए ।

मन्त्री चौधरीले आफू सार्वजनिक जिम्मेवारीमा पारदर्शितापूर्वक काम गरिरहेको दाबी गर्दै कुनै कमजोरी वा त्रुटि देखिए त्यसलाई तथ्यका आधारमा औंल्याइदिन सञ्चारमाध्यमलाई आग्रह गरे । सत्य र तथ्यमा आधारित पत्रकारिताले सरकारलाई अझ उत्तरदायी बनाउन सहयोग पुग्ने उनको भनाइ थियो । कार्यक्रममा सहभागी वन क्षेत्रका अधिकारीहरूले चुरे क्षेत्रको संरक्षण, अवैध वन पैदावार ओसारपसार नियन्त्रण, वन अतिक्रमण रोकथाम, वन डढेलो नियन्त्रण तथा सामुदायिक वनको प्रभावकारी व्यवस्थापनमा सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा राखे ।

# प्रदेशको रातो किताबमा पुरानै अभ्यासलाई नयाँ रूपमा निरन्तरता

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ असार**

मधेस प्रदेश सरकारले बजेटमा टुक्रे योजना निरुत्साहित गर्ने घोषणा गरे पनि विस्तृत बजेट पुस्तिका अर्थात् रातो किताबमा पुरानै अभ्यासलाई नयाँ रूपमा निरन्तरता दिएको पाइएको छ ।

१ असारमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने, नयाँ सवारीसाधन खरिद रोक्ने, अनुत्पादक खर्च कटौती गर्ने र पुँजीगत निर्माणलाई प्राथमिकता दिने नीति अख्तियार गरिएको बताएका थिए । सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखे पनि एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेको छ। कुल रकम एक करोड वा त्यसभन्दा बढी देखाइए पनि भित्री विवरणमा मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै बजेटभित्र राखिएका छन् । विगतमा १० लाख, १५ लाखका खुद्रे योजना सिधै रातो किताबमा राखिँदा प्रदेश सरकारको चर्को आलोचना हुने गरेको थियो। यसपटक आलोचनाबाट बच्न र नीतिगत रूपमा टुक्रे योजना रोकेको देखाउन सरकारले नयाँ उपाय अपनाएको देखिन्छ ।



उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको एक करोड रुपैयाँको एउटा योजनामा महोत्तरी र धनुषाका विभिन्न स्थानका धार्मिक तथा सामुदायिक संरचना समेटिएका छन् । महोत्तरीको जलेश्वरस्थित मदरसा स्तरोन्नति, जनकपुरधाम उपमहानगरपालिका-२१ को कब्रस्तान बाउन्ड्री वाल, लोहारपट्टी र मटिहानीको मदरसा र जलेश्वरकै इदगाह निर्माण तथा स्तरोन्नतिलाई एउटै शीर्षकमा राखिएको छ । सोही मन्त्रालयको अर्को एक करोड रुपैयाँको शीर्षकमा सीताराम विवाह मण्डप ट्रस्ट निर्माण, जनकपुरधाम-८ स्थित बिहार कुण्ड क्षेत्रको मन्दिर सौन्दर्यीकरण तथा धनुषाको नगराइनमा रहेको सलहेश मन्दिर स्तरोन्नति समेटिएको छ ।

सिँचाइ तथा खानेपानी मन्त्रालयका योजनामा पनि यस्तै प्रवृत्ति देखिएको छ । धनुषाको बटेश्वर गाउँपालिकाका विभिन्न वडामा व्यक्तिको जग्गामा बोरिङ निर्माण तथा मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र नगराइन क्षेत्रका पावर ड्रिल बोरिङलाई एउटै शीर्षकमा राखिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको बजेट वितरण अझ बढी अव्यवस्थित देखिन्छ ।




अनुरोधकर्ता
धनौजी गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
नगराईन नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

– शिक्षा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो ।
– शिक्षाको विकास विना मानवीय विकास सम्भव रहेको छैन ।
– प्रत्येक बुवाआमाले आफ्ना सन्ततिलाई शिक्षित बनाउनु सामाजिक तथा व्यक्तिगत आवश्यकता हो ।
– गुणस्तरीय शिक्षा शिक्षालयबाट प्रवाह हुनुपर्छ।

अनुरोधकर्ता
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम,धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
सबैला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# पपुलिस्ट बजेटले खलबल्याएको अर्थतन्त्र : बजार सम्हाल्न अब चाहिन्छ बलियो मौद्रिक नीति




-आगामी आर्थिक वर्षको बजेटले ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ, तर यसको विस्तारवादी नीतिले मूल्यवृद्धि र बाह्य क्षेत्रमा दबाब सिर्जना गर्ने जोखिम छ। अर्थतन्त्रमा संरचनात्मक शिथिलता, बैंकिङ प्रणालीमा अधिक तरलता र वास्तविक क्षेत्रमा मागको संकुचन जस्ता समस्याहरू छन्, जसले केन्द्रीय बैंकलाई मौद्रिक नीति तर्जुमामा चुनौती दिएको छ ।

निजी क्षेत्रले ब्याजदर घटाउन, चालु पुँजी कर्जा निर्देशिका परिमार्जन गर्न र संकटग्रस्त क्षेत्रलाई राहत दिन सुझाव दिएको छ, तर राष्ट्र बैंकले वित्तीय अनुशासन र अन्तर्राष्ट्रिय मापदण्डहरूलाई पनि ध्यानमा राख्नुपर्नेछ । कुनै पनि मुलुकको समष्टिगत अर्थतन्त्र सञ्चालनका दुई प्रमुख स्तम्भ वित्तीय नीति र मौद्रिक नीति हुन् । वित्तीय नीतिले राजनीतिक प्राथमिकता र आर्थिक विस्तारको मार्गचित्र तय गर्दछ भने मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता र वित्तीय अनुशासन कायम राख्ने दायित्व बोकेको हुन्छ । यी दुई नीतिबिच तादात्म्यता नमिल्दा अर्थतन्त्र असन्तुलनतर्फ धकेलिने जोखिम रहन्छ । आगामी आर्थिक वर्षको मौद्रिक नीति तर्जुमाको संघारमा नेपाल राष्ट्र बैंक ठ्याक्कै यही नीतिगत चुनौतीको दोबाटोमा उभिएको छ, जहाँ उसले सरकारको विस्तारवादी वित्तीय महत्त्वाकांक्षा र धरातलीय आर्थिक यथार्थबिच सन्तुलन मिलाउनुपर्नेछ ।

संसद्मा प्रस्तुत आगामी आर्थिक वर्षको २१ खर्ब २४ अर्ब रुपैयाँको विशाल बजेटले ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ। समष्टिगत अर्थशास्त्रको स्थापित सिद्धान्तअनुसार जब सरकारले नीतिमार्फत सार्वजनिक खर्च र बजारमा माग बढाउने प्रयास गर्दछ, तब मूल्यवृद्धि र बाह्य क्षेत्रमाथि दबाब पर्नु स्वाभाविक हुन्छ। यस्तो अवस्थामा राजनीतिक र सरोकारवालाहरूको दबाबमा परेर केन्द्रीय बैंकले अत्यधिक खुकुलो नीति अख्तियार गरेमा अर्थतन्त्र थप असन्तुलनतर्फ धकेलिने र पूर्ण रूपमा संकुचनकारी नीति लिएमा आन्तरिक आर्थिक गतिविधि थप शिथिल हुने जोखिम रहन्छ । अहिलेको मुख्य यथार्थ के हो भने, बैंकिङ प्रणालीमा १३ खर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम सञ्चित हुनु तर वास्तविक क्षेत्रमा कुल मागको संकुचन आउनुले अर्थतन्त्रमा संरचनात्मक शिथिलता रहेको संकेत गर्दछ । ब्याजदर इतिहासकै न्यून बिन्दुमा ओर्लिंदा पनि पुँजी बजार निरन्तर सुस्ताउनु र लगानीकर्ताको मनोबल कमजोर रहनुले यो मन्दीलाई झन् प्रस्ट पारेको छ। एकातिर शिथिल बनेको निजी क्षेत्र र पुँजी बजार तत्कालै नीतिगत सहजीकरणको पर्खाइमा छन् भने, अर्कोतिर १४ खर्बभन्दा बढीको विशाल व्यापार घाटा र उपभोक्ता मूल्यवृद्धिको सम्भावित दबाब कायमै छ । त्यसैले, वित्तीय नीतिको विस्तारवादी महत्त्वाकांक्षा र आन्तरिक मन्दीको यो विरोधाभासपूर्ण धरातलमा उभिएर केन्द्रीय बैंकले तय गर्नुपर्ने आगामी नीतिगत दिशा, निजी क्षेत्रका अपेक्षाहरू, सम्भावित राहतका सीमाहरू र अन्तर्राष्ट्रिय वित्तीय मापदण्ड (एफएटीएफ) को अनुगमनका बिच मुलुकको वृहत्तर आर्थिक स्थायित्व जोगाउन चालिने कदमहरूको विमर्श नै प्रस्तुत आलेखको मूल केन्द्रविन्दु हो । बजेटको महत्त्वाकांक्षा र केन्द्रीय बैंकको धर्मसंकट: वित्तीय नीतिको विस्तारवादी प्रवृत्तिका कारण केन्द्रीय बैंक सधैँ नीतिगत धर्मसंकटमा पर्ने गर्दछ। आगामी आर्थिक वर्षको बजेटले ७ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राख्दै 'लगानी एक्सप्रेस', ऐनहरूको तीव्र संशोधन, एनआरएनलाई सेयर बजार, 'सोभरेन वेल्थ फन्ड' र 'एआई हब' जस्ता लोकप्रिय नीतिहरू अघि सारेको छ ।

तर, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले नेपालको वास्तविक वृद्धिदर ३ प्रतिशतको हाराहारीमा मात्र सीमित हुने प्रक्षेपण गरेबाटै बजेटको महत्त्वाकांक्षा र धरातलीय यथार्थबिच ठुलो खाडल देखिन्छ। यी महत्त्वाकांक्षी लक्ष्यहरूलाई जमिनमा टिकाउने र सघाउने मुख्य दायित्व अन्ततः मौद्रिक नीतिको काँधमा आउँछ। बजेटले ठूला लक्ष्य लिए पनि पुँजीगत खर्च गर्ने सरकारी क्षमता भने सधैँजस्तै दयनीय छ, जसले गर्दा विकास खर्च फेरि पनि पछाडि पर्ने निश्चित छ। त्यसमाथि, शीर्षक र कार्यक्रम नै नखुलाई विविध शीर्षकमा राखिएको ९० अर्ब ३० करोड रुपैयाँभन्दा बढीको अबन्डा बजेटले वित्तीय अपारदर्शिताको जोखिम थपिदिएको छ । पर्याप्त अध्ययन र डीपीआर बिना, पछि राजनीतिक पहुँचका आधारमा तजविजी रूपमा खर्च गर्न यसरी ठुलो रकम छुट्ट्याउनु सार्वजनिक वित्त व्यवस्थापनको अनुशासनविपरीत हो भन्ने स्वरहरू मुखरित हुँदै गएका छन् । संसद्बाहिरबाट कार्यक्रम बिनाको यो ९० अर्ब रुपैयाँ बजारमा जथाभाबी छरिँदा यसले अनुत्पादक माग मात्र सिर्जना गर्छ। अर्कोतर्फ, सरकारी कर्मचारीको २१ प्रतिशतसम्मको तलब वृद्धि र आयकरको सीमा परिमार्जनले सर्वसाधारणको हातमा खर्चयोग्य आम्दानी बढाए पनि नेपालको कमजोर उत्पादन आधारका कारण यसले 'डिमान्ड-पुल इन्फ्लेसन' अर्थात् महँगीको चर्को दबाब सिर्जना गर्ने देखिन्छ। हालको उपभोक्ता मुद्रास्फीति ५.०४ प्रतिशत रहेको अवस्थामा बजेटको यो विस्तारवादी स्वरूपले महँगीलाई ६ प्रतिशतभित्र राख्ने सरकारी लक्ष्यलाई नै चुनौती दिएको छ । यस्तो अवस्थामा केवल एक वर्षको सस्तो वाहवाही वा राजनीतिक सन्तुष्टिका लागि अत्यधिक खुकुलो मौद्रिक नीति ल्याइयो भने त्यसले दीर्घकालीन रूपमा झन् ठुलो संकट निम्त्याउन सक्छ । त्यसैले राष्ट्र बैंकमाथि अल्पकालीन राहतभन्दा कम्तीमा ५ वर्षे दीर्घकालीन सोचसहितको संरचनात्मक नीति ल्याउनुपर्ने दबाब छ ।

**साभार : रातोपाटी ।**




**अनुरोधकर्ता**
**बटेश्वर गाउंपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**लक्ष्मीनियां गाउंपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**क्षिरेश्वरनाथ नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**जनकनन्दनी गाउंपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday